वार्षिक विकास योजना

आ.व. ०७९/०८०

कालिगण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पुर्तिघाट, गुल्मी

लुम्बिनी प्रदेश नेपाल

URL: https://kaligandakimungulmi.gov.np || E-mail: gulmikaligandaki@gmail.com || Contact: +977-9857061701 / 9857067925

वार्षिक विकास योजना

आ.व.२०७९/०८० को गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट

सम्पादन मण्डल

श्री ऋषिराम राना

श्री चोक बहादुर श्रीस

श्री होबनाथ पौडेल

सल्लाहकार

श्री वेद बहादुर थापा (अध्यक्ष)

श्री मन्जु कुमारी दर्लामी (उपाध्यक्ष)

श्री बाबुराम पल्ली (प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशक

कालिगण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पूर्तिघाट, गुल्मी


गुल्मी जिल्ला
कालीगण्डकी गाउँपालिका
गुल्मी जिल्ला
कालिगण्डकी गाउँपालिका
Baglung
Parbat
Syngja
Chandrakot Gaunpalika
Satyawati Gaunpalika
७ भुर्तुङ्ग
६ खड्गकोट
५ फोक्सिङ्ग
४ पुर्तिघाट
३ जयखानी
२ अर्वेनी
१ हर्मिचौर
संकेत
N
वडा नम्बर
वडा सीमाना
गाउँपालिका / नगरपालिका सीमाना
जिल्ला सीमाना
Scale
0 1 2 4
Km
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

विषयसूची

विषय	पेज नं.
१. कालिगण्डकी गाउँपालिकाको संक्षिप्त परिचय	१
२. प्रमुख प्रशासकीय अधिकृतको कलमबाट	६
३. कालिगण्डकी गाउँपालिकाको आ.व. ०७९/०८० को पारित नीति तथा कार्यक्रम	८
३.१) आर्थिक विकास नीति	१०
३.२) उद्योग तथा वाणिज्य र पर्यटन	११
३.३) सामाजिक विकास नीति	१२
३.४) पूर्वाधार विकास नीति	१६
३.५) वातावरण तथा विपद् व्यवस्थापन	१८
३.६) वित्तीय व्यवस्थापन तथा सुशासन नीति	१९
३.७) विविध नीति	१९
४. कालिगण्डकी गाउँपालिकाको कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन	२१
५. कालिगण्डकी गाउँपालिकाको विनियोजन ऐन २०७९/०८०	६३
६. कालिगण्डकी गाउँपालिकाको आ.व. २०७९/०८० को पारित आर्थिक ऐन	६४
७. १० औं सभाबाट पारित महत्वपूर्ण निर्णयहरू	८९
८. कालिगण्डकी गाउँपालिका पदाधिकारी तथा सदस्यहरू	९७
९. कालिगण्डकी गाउँपालिकाका कार्यरत कर्मचारीहरूको विवरण	९८
१०. कालिगण्डकी गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी प्रमुखहरूको विवरण	१०१
११. उपभोक्ता समितिले ध्यान दिनुपर्ने कुराहरू	१०४

परिच्छेद-१

कालिगण्डकी गाउँपालिकाको संक्षिप्त परिचय

क) भौगौलिक अवस्था

नेपालको कुल क्षेत्रफल १४७५१६ वर्ग कि.मी.मध्ये यस गाउँपालिकाले ०.०६८ प्रतिशत, लुम्बिनी प्रदेशको कुल क्षेत्रफल २२२८८ वर्ग कि.मी.मध्ये ०.४५ प्रतिशत, गुल्मी जिल्लाको कुल क्षेत्रफल ११४९ वर्ग कि.मी. मध्ये ८.७९ प्रतिशत ओगटेको यस गाउँपालिकाको कुल क्षेत्रफल १०१.२ वर्ग कि.मी. रहे को छ। यो गाउँपालिकाको केन्द्र २७°५८'३४५२"N- २८°३'१९४५"N उत्तरी आक्षांश ८३°३४'४२१०"E- ८३°२८'५२५५"E पूर्बी देशान्तरमा अवस्थित रहेको छ यस गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतिमा पनि विविधता पाइन्छ । यहाँ हिमाली हावापानीदेखि लिएर उष्ण मनसुनी हावापानीसम्म पाइन्छ । यस गाउँपालिकामा पाइने हावापानीलाई मुख्यतया ३ भागमा बाड्न सकिन्छ ।



प्रमुख प्रशासकीय अधिकृतको कलमबाट

ख) धार्मिक तथा ऐतिहासिक स्थलः

प्राकृतिक मनोरम क्षेत्र तथा नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमण हुने गर्दछ यस गाउँपालिकामा विविध प्रकारका जाति, धर्म र संस्कृतिका व्यक्तिहरूको बसोवास रहेको छ । हिन्दू धर्मको बाहुल्यता रहेको यस गाउँपालिका बौद्ध, क्रिश्चियन, धर्ममा आस्था राख्ने व्यक्तिहरूको पनि बसोवास रहेको छ । यहाँ बसोवास गर्ने विभिन्न जाति र संस्कृति अनुरूप विविध लोकगीतहरू जस्तै, असारे गीत, तिजको गीत, भजन, झ्याउरे (झाम्रे) गीत एवम् दोहोरी गीतहरू लोकप्रिय छन् । यसैगरी, बैशाखी पूर्णिमा, असार १५ को दही चिउरा, नव वर्ष, जेष्ठ पूर्णिमा, भाद्रे औसी, साउने संक्रान्ति, नागपञ्चमी, तीज, दशैं, तिहार, सराय, देउली, कुलपूजा आदि यहाँका महत्वपूण पर्व एवम् इद, क्रिसमस लगायतका विविध आ–आफ्ना धर्म, कूल र परम्परा अनुसारका चाडपर्व मनाउने गर्दछन् ।

प्रमुख धार्मिक स्थलहरू

१ हिले सिद्धबबाबा मन्दिर

२ सत्यवती

३ प्रजापति क्षेत्र तथा शिवालय मन्दिर

४ घद्रमाउने फूलबारी मन्दिर क्षेत्र

५ सिद्धबकाली लेक र शाङ्घ्य कुण्ड

६ कौडे दरबार

ग) कृषि

कालिगण्डकी गाउँपालिका कृषि उत्पादकत्वका दृष्टिले राम्रै मानिन्छ किनकि यस गाउँपालिकामा प्रशस्त मात्रामा कृषि उत्पादन हुने जमिनहरु रहेका छन् । तर यस गाँउपालिकाको जमिनको वितरण तथा कृषि प्रणाली अवैज्ञानिक तथा परम्परागत भएकाले यस गाउँपालिकाका अत्यधिक कृषकहरुले न्यून मात्रामा मात्र उत्पादन गर्ने गर्दछन् । तर पनि यस गाउँपालिकामा विभिन्न प्रकारको अन्नबाली उत्पादन गर्ने गरिन्छ । यस गाउँपालिकामा लगाईने मुख्य बालीहरुमा धान, गँहु, मकै, तरकारी बाली, तेलहन, नगदे बाली पर्दछन् । यहाँ खाद्यान्न बाली अन्तर्गत धान, गँहु, कोदो तथा मकै जस्ता बालीहरु लगाउने गरिएको छ भने तोरी जस्ता तेलहन बालीहरु पनि लगाएको देखिन्छ । यसैगरी तरकारी बाली अन्तर्गत काउली, प्याज, आलु, सिमि जस्ता खेतीहरु सिजन अनुसारको हुने हुँदा यसलाई पनि लगाएको देखिन्छ भने मास, मसुरो जस्ता दलहन बाली समेत लगाउने गरिएको छ ।

(घ) स्वास्थ्य

यस गाउँपालिकामा ७ वटा स्वास्थ्य चौकीबाट ३९ प्रकारका औषधीको निःशुल्क वितरण तथा प्रतिरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवा सञ्चालन भइरहेका छ । गाउँपालिमा ४ स्थानमा २४ सै

घण्टा प्रसुती सेवा सञ्चालन भएको छ। त्यस्तैगरी गाउँपालिका भित्र वटा ४ प्राईभेट स्वास्थ्य क्लिनिकबाट विभिन्न सेवाहरु प्रदान गर्दै आइरहेका छन् । परम्परागत स्वास्थ्य उपचार पद्दतिलाई मध्यनजर गर्दै यस गाउँपालिमा वडा नं ४ पुर्तिघाटमा एउटा आयुर्वेदिक स्वास्थ्य केन्द्र संचालनमा रहेको छ ।

(ङ) शिक्षा

यस कालिगण्डकी गाउँपालिका शैक्षिक हिसावले अगाडी रहेको क्षेत्र मानिन्छ । शिक्षा क्षेत्रमा हेर्दा यस गाउँपालिमामा जम्मा क्याम्पस आधारभुत विद्यालय र निजी बोर्डिङ रहेका छन् ।

(च) खानेपानी तथा सरसफाई

कालीगण्डकी गाउँपालिकाका सबै वडामा खानेपानी आयोजनाहरु सञ्चालनमा रहेको देखिन्छन् । पुराना खानेपानी आयोजना, नयाँ खानेपानी आयोजनाका साथै एक घर एक धारा खानेपानी आयोजना मार्फत धेरै घरधुरीहरु लाभान्भित छन् ।

(छ) व्यापार र व्यवसाय सम्बन्धी

यस गाँउपालिका भित्र वसोवास गर्ने मानिसहरु विभिन्न किसिमका व्यावसायमा संलग्न रहेको पाइन्छ । संख्यात्मक रुपमा हेर्नेहो भने यहाँका वासिन्दाले किराना पसल, होटल व्यावसाय, खाजा घर, कृषि फर्म, तथा पशु फर्म आदि सञ्चालन गर्नेको सङ्ख्यात्मक रुपमा अत्याधिक रहेको छ भने अरु विभिन्न प्रकारका व्यावसाय गर्नेको सङ्ख्या पनि रहेको छ। तलको तालिकामा यस गाउँपालिका भित्र रहेका व्यापार व्यावसाय तथा कृषिजन्य फर्महरु सम्बन्धी विवरणलाई दिइएको छ ।

(ज) वित्तिय संथ्या

यस गाउँपालिकामा आर्थिक विकास तथा वित्तिय क्रियाकलाप गर्नको लागि विभिन्न बैक लघुवित्त तथा सहकारी संस्थाहरुले गाउँपालिमामा सेवा दिईरहेका छन् । गाउँपालिका भित्रका ग्रामीण क्षेत्रका सहकारी संख्याहरुले आफ्नो कार्यक्षेत्र विस्तार गरी सेवा प्रदान गरिरहेका छन् ।

जम्मा बैंक -३

लघुवित्त-५ सहकारी सस्था-१२

(झ) खनिज तथा खानी सम्बन्धी विवरण

गाउँपालिकामा देहाय बमोजिमका खनिजहरुको सम्भावना रहेको पाइन्छ ।

- दभौखानी – फलाम
- जयखानी – तामा
- नयाखानी – तामा
- फुर्से खानी – सुन

कालिगण्डकी गाउँपालिका स्थापना पश्चात गरिएका प्रमुख कार्यहरु :

- सबै टोल तथा वस्तीहरुमा सडक ट्र्याक पुऱ्याउने कार्य सम्पन्न भएको छ भने स्तरोन्नती कार्य क्रमशः अगाडि बढाइएको छ ।
- सबै सामुदायिक विद्यालयहरु तथा प्रस्तावित मा.व.हरुमा प्रचलित नियमानुसारको सेवा सुविधा प्राप्त गर्ने गरी विषयगत शिक्षकको व्यवस्था गरिएको छ ।
- एक घर एक धारा अभियानको लागि गाउँपालिका, गोर्खा वेलफेयर ट्रस्ट र नेपाल रेडक्रस मार्फत द्रुत तर गतिमा काम अगाडि बढिरहेको २०८१ सम्ममा अभियान सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।
- नेपाल टेलिकमको टावरदेखि गाउँपालिकाको केन्द्रसम्म अप्टिकल फाइवर जोड्ने काम सम्पन्न भै कार्यालयमा गुणस्तरीय इन्टरनेट सेवा प्राप्त भएको छ ।
- स्वास्थ्य चौकीहरुलाई प्रविधि मैत्री बनाउँदै लगिएको छ ।
- वडा कार्यालयहरुका नियमित विद्युत आपूर्तिको लागि सोलार ब्याकअपको व्यवस्था गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्ने गरिएको छ ।
- व्यवसायिक कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान वितरण गर्ने गरिएको छ ।
- बेमौसमी तरकारी उत्पादनको लागि मागको आधारमा टनेल वितरण गरिएको छ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन भएको छ ।
- पूर्तिघाट शान्तिपुर सडक खण्ड निर्माणको क्रममा घर क्षति भएकाहरुलाई पुनर्वासको लागि राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ ।
- आर्थिक रुपले विपन्न व्यक्तिहरुलाई औषधि उपचारको लागि आर्थिक सहयोग निरन्तर प्रदान गरिँदै आएको छ ।
- विभिन्न कारणले विपदबाट धनजनको क्षति भएकाहरुलाई राहत रकम उपलब्ध गराउँदै आइएको छ ।
- लघुउद्यम विकास कार्यक्रमबाट ४८ जना महिलाहरुलाई उद्यमी गराइएको छ ।
- आदिवासी जनजाति गरिब तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षाको लागि छात्रवृत्ति प्रदान गरिँदै आइएको छ ।
- गाउँपालिका एक्लैले सम्पन्न गर्न नसक्ने योजनाहरुको लागि डिपिआर तयार गरी प्रदेश तथा केन्द्रमा निरन्तर माग गर्दै आइएको छ ।
- बहुउद्देश्यीय सभाहल निर्माण सम्पन्न भै सञ्चालनमा ल्याइएको छ ।

URL: https://kaligandakimungulmi.gov.np || E-mail: gulmikaligandaki@gmail.com || Contact: +977-9857061701 / 9857067925

- नियमित अपाङ्गता शिविर सञ्चालन गरी पूर्ण अपाङ्ग र अति अशक्त अपाङ्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याइएको छ ।
- नवजात छोरीको खातामा निजको आमा संरक्षक रहने गरी रु पाँच हजार प्रदान गरिँदै आएको छ ।
- कृषिमा यान्त्रिकिकरणको लागि मागमा आधारित भै माग बमोजिम कुटानी पिसानी मिल मिनिटिलर चापकटर जस्ता उपकरणहरु वितरण गरिँदै आएको छ ।
- सम्भाव्यता अध्ययनको आधारमा कृषि ज्ञानकेन्द्रसँगको साझेदारी र समन्वयमा कफि सुन्तला मकैका पकेट तथा जोनहरु विस्तार गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृतको कलमबाट

नेपालको धार्मिक प्राकृतिक र पर्यटकीय महत्व बोकेको कालिगण्डकी नदीको नामबाट नामङ्कन गरिएको यस स्थानीय तह नेपाल सरकारबाट मिति २०७३/११/२७ गते राजपत्रमा प्रकाशित गरी कालिगण्डकी गाउँपालिका घोषणा भएको थियो । साविकका ७ गा.वि.स.हरु हर्मिचौर, अर्बेनी,जयखानी, पूर्तिघाट, फोक्सीङ्ग, खड्गकोट र भुर्तुङ्ग सम्मिलित भै कालिगण्डकी गाउँपालिका घोषणा पश्चात सो को सञ्चालनका निमित्त देशैभरी घोषणा भएका स्थानीय तहहरुलाई मिति २०७३/१२/०१ गतेका दिन एकैसाथ संचालनमा ल्याउने व्यवस्था भए बमोजिम अर्को व्यवस्था नहुँदा सम्म उक्त गाउँपालिका भित्र कार्यरत ज्येष्ठ कर्मचारीहरुलाई निमित्त कार्यकारी अधिकृतको जिम्मेवारी प्रदान गर्ने हेतुले नायव सुब्बा श्री शिवहरी मरासिनिबाट नेपाल सरकारबाट निर्देशन भएको स्थान साविकको पुर्तिघाट गा.वि.स.मा कालिगण्डकी गाउँपालिकाको कार्यालय विधिवत रुपमा स्थापना गरी सेवा सुभारम्भ गरिएको थियो । तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय काठमाण्डौको मिति २०७३/१२/१३ गतेको निर्णयबाट म बाबुराम पल्लीलाई प्रथम कार्यकारी अधिकृतको रुपमा जिम्मेवारी प्राप्त भएकोले उक्त महत्वपूर्ण जिम्मेवारी हालसम्म पनि निर्वाह गरिरहेको छु । ऐतिहासिक, धार्मिक, प्राकृतिक सम्पदाले हराभरा पर्यटकीय र पर्यापर्यटनको दृष्टिकोणले अपार सम्भावना रहेको उत्तर दक्षिण जोड्ने लोकमार्ग कालिगण्डकी करिडोरको सहज आवागमन शान्त प्रिय वातावरण रहेको कृषि पशु, पंक्षी,व्यवसायको प्रचुर सम्भावना रहेको र सभ्य अभिभावकत्व प्राप्त अभिभावकहरुको समिपमा रहि सेवा गर्ने अवसर प्राप्त हुँदा आँफैमा गौरवान्वित भएको महशुस गरेको छु ।

नेपालको संविधान, स्थानीय शासन सञ्चालन गर्ने प्रचलित ऐन, नियम, स्थानीय तहबाट निर्माण गरिएका प्रचलित ऐन, नियम, कार्यविधीको परिधिभित्र रहि गाउँसभाबाट पारित नीति, कार्यक्रम र बजेटलाई कार्यान्वयनमा लागि सार्थक विकासको अनुभुति दिलाउने मेरो कर्तव्य रहने विषयलाई हृदयङ्गम गरी सुशासनको प्रत्याभुति गराउँदै सार्वजनिक सेवा प्रवाह गर्ने काममा म र सम्पूर्ण प्रशासकीय टिम अनवरत रुपले लागिरहेको छौं र आगामी दिनमा पनि अझै सशक्त ढङ्गले लाग्ने छौं । जनता र जनप्रतिनिधिहरु बीचको विश्वासलाई थप उचाइमा पुर्याउन मजबुत सेतुको रुपमा भुमिका निर्वाह गर्नेछु । कोभिड १९ को विश्वव्यापी संक्रमणको यस घडीमा संक्रमणलाई यस पालिका भित्र वाञ्छित सीमामा राख्नको लागि क्वारेनटाईन स्थापना तथा व्यवस्थापन, हेल्प डेक्स, चेक पोष्ट, स्वास्थ्य परीक्षण, स्वाव संकलन तथा सम्प्रेषण भारत र तेस्रो मुलकबाट आउने कालिगण्डकीका नागरिकहरुलाई विभिन्न स्थानबाट सुरक्षित तवरले क्वारेनटाईम स्थल सम्म व्यवस्थापन गर्ने र हालका दिनमा कोभिड १९ नियन्त्रण र व्यवस्थापनको समग्र पक्षमा अहोरात्र

URL: https://kaligandakimungulmi.gov.np || E-mail: gulmikaligandaki@gmail.com || Contact: +977-9857061701 / 9857067925

खटिरहनु भएका जनप्रतिनिधि, कर्मचारी र विशेषतः स्वास्थ्य शाखाका कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । साथै कोभिड १९ को प्रभाव तथा अन्य विविध कारण बाट विश्वव्यापीरुपमा आपूर्ति श्रृङ्खलामा पर्न जाने प्रभाव र बाह्य क्षेत्रमा परेको चापको कारण देश भित्रको आर्थिक गतिविधिमा आउन सक्ने संकुचनलाई समेत मध्यनजर राख्दै विनियोजित बजेट लाई नतिजामुखीर परिणाममुखी बनाउने विषयमा हाम्रो प्रशासकीय टीमको भरमग्दुर प्रयास रहने विश्वास दिलाउन चाहान्छु ।

अन्तमा भौगोलिक विकटताका वावजुत सीमित स्रोतसाधनलाई अधिकतम उपयोग गर्नका निमित्त दिर्घकालिन योजना, मध्यम तथा अल्पकालिन योजना, एकिकृत विकास योजना, विस्तृत परियोजना, प्रतिवेदन र गाउँपालिकाको वस्तुचित्र तयारी गरी प्राथमिकिकरणको आधारमा वार्षिक योजना निर्माण गरि कार्यान्वयन गरिनेछ । यस अवसरमा हाम्रा अभिभवक जनप्रतिनिधिज्यूहरु सहकर्मी कर्मचारी हरुलाई हार्दिक आभार प्रकट गर्दछु । जनप्रतिनिधिज्यूहरुबाट निरन्तर सकारात्मक एवं सिर्जनात्मक निर्देशन तथा सुझाव र सहकर्मी कर्मचारी मित्रहरुबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत

कालिगण्डकी गाँउपालिकाका उपाध्यक्ष ज्यू,
वडा अध्यक्ष ज्यूहरु,
कार्यपालिका सदस्य ज्यूहरु,
गाउँसभा सदस्य ज्यूहरु ।

स्थानीय तहको दास्रो निर्वाचनमा कालिगण्डकी गाउँपालिकाका आम जनताहरुले आफ्नो अभिमत मार्फत तपाई हामीलाई कालिगण्डकी गाँउपालिकाको सेवकको रुपमा काम गर्ने गरि जिम्मेवारी प्रदान गर्नुभएकोमा सम्पुर्ण जनप्रतिनिको तर्फबाट कालिगण्डकी गाउँपालिकावासी आमा बुबा दाजुभाई दिदी बहिनीहरुमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छु ।

कालिगण्डकी गाउँपालिका गुल्मीको आ.व. ०७९/०८० को लागि कार्यपालिकाबाट पारित भएका नीति तथा कार्यक्रम दीर्घकालिन सोँचः

"कृषि वन जडिबुटी पर्यटन युवा स्वरोजगार र भौतिक पुर्वाधार ।
समावेशि विकास नै कालिगण्डकी गाउँपालिका को मूल आधार ॥"

लक्ष्यः समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा प्राप्त गर्न समाजवाद उन्मुख समृद्ध गाउँपालिका, सुखी समाज, सामाजिक न्याय सहितको लोककल्याणकारी स्थानीय तह स्थापित गर्दै कालिगण्डकी गाउँपालिकालाई आर्थिक, सामाजिक, भौतिक, शैक्षिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रुपबाट समुन्नत, आत्मनिर्भर र स्वावलम्वी बनाउने ।

उद्देश्यः

- उत्पादनशील रोजगारी तथा स्वरोजगार उन्मुख र न्यायपुर्ण वितरण सहितको आर्थिक वृद्धिदरद्वारा गरिबी न्यूनिकरण गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्ने ।
- दिगो, समावेशी र उच्चदरको आर्थिकवृद्धि हासिल गर्ने ।
- यस स्थानीय तहद्वारा प्रदान गरिने सेवा हरुमा आमनागरिकहरुको पहुँच वृद्धि गर्दै सुशासनको प्रत्याभुति प्रदान गर्ने ।
- सरकारी, निजी क्षेत्र, सहकारी क्षेत्र एवं समुदायको संयुक्त सहभागितामा उपलब्ध स्रोत र साधनको समुचित र अधिकतम परिचालन गरी आर्थिक तथा सामाजिक असमानता कम गर्ने ।

प्राथमिकता :

कृषि, पशुपालन, आन्तरिक पर्यटन प्रवर्द्धन र हस्तकला जस्ता अधिकतम लाभका क्षेत्रमा यस कालिगण्डकी गाउँपालिकाले मुख्य ध्यान दिनेछ । सर्वसुलभ गुणस्तरीय र आधुनिक पुर्वाधार निर्माण उत्पादनशील रोजगारी सिर्जना समन्यायिक वितरण सहितको आर्थिक गतिविधि सेवा प्रवाहमा सुदृढिकरण र पहुँच अभिवृद्धि गर्दै नमुना गाउँपालिका स्थापना गर्न यस कालिगण्डकी गाउँपालिका कटिवद्ध छ ।

- गाउँपालिकाको योजना पद्धतिमा दीर्घकालिन सोँच, लक्ष्य, उद्देश्यसँग मेलखाने गरी आवधिक र विषयगत योजना सहितको गुरुयोजना र वार्षिक कार्यक्रमहरु तय गरी गरिवी न्युनीकरणलाई जोड दिइनेछ ।
- दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरि सोका सूचकहरुमा उपलब्धी हासिल गरिनेछ ।
- संघ र प्रदेशका साझेदारीमा सञ्चालन गर्न सकिने योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गरिनेछ ।
- विपन्न परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा क्रमशः आवद्ध गर्दै लगिनेछ ।
- स्वरोजगार तथा रोजगारीका अवसरहरु सिर्जना गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।
- कालिगण्डकी गाउँपालिकाको प्रशासकीय भवनको लागि आवश्यक बजेटको व्यवस्था गरी सम्बन्धित निकायमा माग गरिनेछ ।
- सरकार तथा सरोकारवाला निकायहरुको सहकार्य, सहयोग र समन्वयमा कालिगण्डकी गाउँपालिका स्तरीय १५ शैंया अस्पताल समयमै सम्पन्न गरिनेछ ।
- वैदेशिक रोजगारीमा विदेशिएका युवाहरुलाई स्थानीय तहमा स्वरोजगार तथा रोजगारीहरुको अवसर उपलब्ध गराई स्वदेश फर्क अभियानलाई आह्वान गर्न प्राथमिकता दिईनेछ ।
- कृषि, पशु क्षेत्रको आधुनीकिकरण, व्यवसायीकरण र यान्त्रिकरण गर्ने ।
- स्नातक तह सम्मको क्याम्पस, प्राविधिक शिक्षालय तथा कृषि क्याम्पस स्थापनाको लागि सम्वन्धित निकायमा आवश्यक पहल गरिने छ ।
- निजी क्षेत्रको सहभागितामा लघु जलविद्युतमा लगानी आकर्षण गरि उत्पादन, प्रसारण र वितरण गरिने छ ।
- सडक गुरुयोजना निर्माण गरी मापदण्ड वमोजिम नक्सा पास हुनेगरी निर्माण र स्तरोन्नति गरिने छ ।
- निजी क्षेत्रलाई आकर्षण गरी जिपलाइन, जिपसाइक्लिङ्ग, केवलकार, प्यारागलाइडिङ्ग लगायतका गुरुयोजना निर्माण गरी पर्यटन पुर्वाधारको विकास र प्रवर्धन गरिने छ ।
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा लगानी गरिने छ ।
- अत्यावश्यक उपभोग्य वस्तुहरुको सुदृढ आपुर्ति चिस्यानकेन्द्र, भण्डारण र वितरण प्रणालीको व्यवस्था सम्वद्ध निकायहरुको सहयोग, सहकार्य र समन्वयमा गरिने छ ।
- सार्वजनिक प्रशासन र सेवाप्रवाहमा चुस्तदुरुस्त रुपमा प्रदान गरिने छ ।
- वित्तीय विकेन्द्रीकरणको भावना अनुसार गाउँपालिकाले लगाउने, उठाउन पाउने कर तथा गैरकर राजश्वका वृहद क्षेत्रहरुको पहिचान,संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसँग सहकार्य गर्ने आन्तरिक तथा बाह्य राजश्वका नयाँ स्रोतहरुको अधिकतम परिचालन गरी विकास प्रक्रियालाई अगाडि बढाइनेछ ।
- युवा, महिला, एकल महिला, बालबालिका, अशक्त, अपाङ्ग, दलित, आदिवासी/जनजाती, पिछडिएको वर्ग, विपन्नता सिमान्तकृत अल्पसंख्यक समुदाय मैत्री कार्यक्रम सञ्चालन गरी उक्त

वर्गको विकास गरिने छ ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका स्थानीय सरकार, सम्बन्धित संघ संस्थाहरु सँग भातृत्वपूर्ण सम्बन्ध स्थापित गरी विकास र विस्तार गरिने छ ।
- सार्वजनिक निजी साझेदारी नीतिलाई अवलम्वन गरी यस क्षेत्रको विकास निर्माण कार्यक्रम अगाडि बढाइनेछ ।
- योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, सञ्चालन तथा व्यवस्थापन पद्धतिलाई समयसापेक्ष प्रभावकारी बनाइनेछ ।
- समुदायमा आधारित टोलविकास समिति, आमासमूह, युवा क्लवहरुलाई क्रियाशिल गराउँदै सहयोगी र विकासशील संस्थाहरुको सहयोग,सहकार्य र समन्वयमा कार्यक्रम अगाडि बढाइने ।
- भाषा, साहित्य, कला, संस्कृति, धार्मिक, मठमन्दिरहरुको संरक्षण र विकास गरिने छ ।
- सहकारीलाई वडास्तर सम्म विस्तार गरिने छ ।

नीति तथा कार्यक्रमः

आ.व.०७९/८० को लागि वार्षिक नीति,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताका क्षेत्रहरु नेपालको संविधान, सम्माननीय राष्ट्रपतिज्यू बाट संघीय संसदको संयुक्त वैठकमा प्रस्तुत नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य, सार्क विकास लक्ष्य, पन्ध्रौं योजना, राष्ट्रिय योजना आयोगको मार्गदर्शन,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नीति, निर्देशन र स्थानीय सरकार सञ्चालन ऐन २०७४ का प्रावधानहरु विषयगत समितिहरुको सूझावलाई समेत आधारमा देहायका प्रमुख नीति, विषयगत नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ ।

विषयगत नीतिहरु :

१.आर्थिक विकास नीतिः

कृषि पशुपंक्षी र सहकारी नीतिः

- कृषि गुरुयोजना तयार गरी तपशिल वमोमको लक्ष्य हासिल गरिने ।
- व्यवसायिक किसान पहिचानगरी कृषक परिचयपत्र प्रदान गरिने ।
- कृषि एम्बुलेन्स व्यवस्था गरिने ।

- स्थानीय क्षमता र सम्भाव्यताको आधारमा न्युनतम कृषि उपजमा आत्मनिर्भरता हासिल गर्ने ।
- उत्पादित कृषि उपजको समर्थन मूल्य गाउँपालिकाबाट निर्धारण, कृषिसंकलन केन्द्र स्थापना गर्ने ।
- दिगो र व्यवसायिक उत्पादनको आधारमा कृषकलाई अनुदान दिने ।
- जलवायु अनुकुल कृषिको लागि आम किसानलाई क्रमश तालिम दिने ।
- बाँस प्रजातिको बहुउपयोग गर्ने ।

- अर्गानिक खेतीलाई प्रवर्धन गर्दै प्रत्येक घरलाई उत्पादित घरेलुवस्तुको उपयोगमा जोड दिइने ।
- व्यवसायिक रुपमा परालको तथा काठको ठुटाकोप्र योगगरी च्याउकोउत्पादन सुरु गर्ने ।
- "एक टोल एक पोखरी" "एक गाउँ एक उत्पादन", "गाउँगाउँमा सहकारी घरघरमा भकारी" भन्ने राष्ट्रिय अभियानलाई सार्थक बनाउने ।
- लोपोन्मुख तथा रैथाने कृषि तथा पशुपंक्षी उत्पादन लाई संरक्षणर प्रवर्द्धन गर्ने ।
- जडिवुटी/औषधि प्रयोजनको लागि सिलाम, भाँगो खेतीलाई प्रोत्साहन/विस्तार गरी आर्थिक विकासमा जोड दिने ।
- कृषि भूमिको उर्वराशक्ति र वाली उत्पादन क्षमताको आधार र सम्भावनालाई अध्ययनगरी कृषि/पशुपंक्षी र फलफुलको पकेटक्षेत्र पहिचान गरी सोही बमोजिमको खेति प्रणाली अवलम्वन गरी प्रोत्साहन गर्ने ।
- दुग्ध पदार्थ एवं मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न "वधशालादेखि भान्छा सम्म स्वच्छ र स्वस्थ मासु" तथा "गोठदेखि ओठ सम्म स्वच्छ र स्वस्थ दुधमा आम्मनिर्भर बनाईने"
- सरकारी मापदण्ड बमोजिमको वधशालाहरु स्थापना तथा विस्तार गर्ने ।
- बाली तथा पशु वीमालाई निरन्तरता दिइने ।
- उत्पादित दुधको संकलनको लागि चिलिङभ्याट मिल्कक्यान डिपफ्रिज तथा आवश्यक उपकरण वडातह सम्म विस्तार गरिने ।
- सहकारीको अभियान सञ्चालन र शक्तिलाई उद्यमविकास समावेशी आर्थिकवृद्धि, गरिवीनिवारण, सामाजिक सुरक्षार समुदायको विकासमा सक्रिय गराउने नीति लिइने ।
- उचाइ अनुसार यस कालिगण्डकी गाउँपालिकामा बेल आँप लिची मेवा सुन्तला टिमुर अलैँची जडिबुटीको उत्पादनमा निरन्तरता दिइने ।
- भूमी बैँकको स्थापना गरिने ।

२.उद्योग तथा वाणिज्य र पर्यटनः

२.१ उद्योग नीतिः

- उद्योग क्षेत्र आर्थिक विकासको इन्जिन भएकोले यस गाउँपालिकामा घरेलु तथा साना मझौला र ठुला उद्योग स्थापानको लागि औद्योगिक लगानीको वातावरण तयार गरी नीजी क्षेत्र र वैदेशिक लगानीलाई आकर्षित गर्ने नीति लिइने ।
- स्थानीय स्रोत एव्सीपको उपयोगगरी लघु घरेलु साना मझौला उद्योग स्थापना र सञ्चालन गर्ने ।
- यस क्षेत्रमा प्रशस्त मात्रामा पाइने जडिबुटीको प्रशोधन तथा जडिबुटीमा आधारित औषधी जन्य वस्तुको उत्पादन गर्ने ।

२.२ पर्यटन क्षेत्र नीति

- कृषि पर्यटन होमस्टे, साहसिक पर्यटन, अतिथि सत्कार तथा आथित्यतालाई प्रवर्द्धन गर्ने ।
- निजी क्षेत्रको सहकार्यमा कालिगण्डकी नदीमा छोटो दुरीको र्याफ्टिङ्ग सञ्चालनको लागि पहल गर्ने ।

- भुर्तुङ्ग धुवाँखोलामा सञ्चालित सामुदायिक होमस्टेको क्षमता विस्तार तथा प्रचार प्रसार व्यवस्थित गरी अगाडि बढाउने ।
- पिकनिक स्पटहरुमा आवश्यक पुर्वाधार पानी विद्युत तथा यातायातको पहुँच बढाउने ।
- पर्यटकीय सम्भाव्यता बोकेका क्षेत्रहरुको पहिचान गरी पर्यटकीय पुर्वाधार विस्तार गर्ने ।
- यस क्षेत्र भित्रका सबै पुरातात्विक सम्पादाहरुको संरक्षणको लागि सङ्गालय स्थापनाको प्रक्रिया अगाडि बढाउने ।
- जातीय भाषिक तथा परम्परार संस्कृतिको जगेर्ना गर्न युवा वर्गलाई परिचालन गर्ने ।
- ट्रेकिङ रुटको अन्वेषण गरी निर्माण सुरु गर्ने ।

२.३ राजश्व परिचालन नीति

- गाउँपालिकाको राजश्व परिचालन समिति र राजश्वप्रक्षेपण सम्बन्धी सम्भावना अध्ययनमा उल्लिखित सुझाव एवं सिफारिसलाई यस गाउँपालिकाको राजश्व नीतिको आधारको रुपमा अवलम्वन गर्ने ।
- आन्तरिक स्रोतको कर शुल्क दस्तुर महशुल असुली व्यवस्थापनलाई प्रभावकारी बनाइ गाउँपालिकाको विकासको गतिलाई दिगो र भरपर्दो बनाइ स्रोतको लागि प्रदेश र संघ माथिको निर्भरतालाई कमगर्दै लगिने ।
- सबै प्रकारका व्यवसायिक कारोबारलाई करको दायरामा ल्याइ दरपुनरावलोकन तथा दायरा विस्तार गरिने ।
- प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को प्रतिवेदमा उल्लिखित क्षेत्रहरुमा उल्लिखित परिमाणको परिधिभित्र रही ढुङ्गा गिटी र बालुवा उत्खनन गरी आन्तरीक तथा बाह्य विक्री तथा निकाशी गर्ने प्रयोजनार्थ कर शुल्क असुल गर्ने ।
- प्राकृतिक स्रोतको उपयोग गर्न राजश्व परामर्श समितिको अनुमति अनिवार्य गराइने ।
- खाली रहेको सरकारी नीजि जग्गाको लगत संकलन गरी करारमा खेति गर्ने प्रणालिको सुरुवात गरिने ।
- वजार तथा सडक क्षेत्रहरुमा घर भवन बनाउँदा नक्सा पास नगरी बनाउने लाई दोब्बर शुल्क लगाइने ।

३. सामाजिक विकास नीति

३.१ शिक्षा नीति

- नागरिक शिक्षा नैतिक शिक्षा मार्फत राष्ट्रिय भावनाले ओतप्रोत नागरिक निर्माण गर्ने ।
- प्रत्येक शैक्षिक वर्षहरुमा उत्कृष्ट शिक्षक विद्यालय विद्यार्थी छनोट गरी पुरस्कृत गरिने ।
- अविभावक शिक्षालाई विद्यालयको अभिन्न पाटोको रुपमा स्वीकार गरी अगाडी बढाइने ।
- विद्यालय मर्ज दरवन्दी मिलान तथा आवासीय विद्यालयलाई निरन्तरता दिइने ।

- आर्थिक रुपले विपन्न तथा फरक क्षमता भएका तर जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि सहयोग गर्न गाउँ पालिकामा छात्रवृति कोष खडा गरिने ।
- साप्ताहिक रुपमा शिक्षकले मासिक रुपमा प्रधानध्यापकले र त्रैमासिक रुपमा गाउँपालिकाले विद्यार्थीको मूल्याङ्कन गरी उपचारात्मक शिक्षण पद्दती अवलम्बन गरिने ।
- निजी विद्यालयको व्यवस्थापनको लागि लगानीको संरक्षण गर्दै निजी विद्यालयहरुलाई अनुगमन र नियमन गरी सेवामुखी बनाइने ।
- मातृ भाषाको भाषा तथा लिपिको संरक्षण मातृ भाषामा शिक्षा तथा मातृ भाषा मार्फत शिक्षाको प्रवर्द्धन गरिने ।
- स्वास्थ्य चौकीहरुको समन्वयमा प्रति ३ महिनामा विद्यार्थीको स्वास्थ्य परिक्षणको प्रवन्ध मिलाइने ।
- करार शिक्षक/कर्मचारीको कार्यसम्पादन मुल्याङ्कनको आधारमा म्याद थपघट गरिने ।
- साक्षरता र आजिवन शिक्षाको लागि आगामी द्द वर्षमा सबैलाई साक्षर बनाउँदै आजीवन शिक्षाको लागि सबै वडामा पुस्तकालय वाचनालय साथै वाल उद्यान स्थापना गरिने ।
- स्थानीय पाठ्यक्रम मार्फत व्यवहारिक तथा व्यवसायिक सीपको विकाश गरिने ।
- परम्परागत सीपको आधुनिकिकरण गर्दै त्यसमा भएका ज्ञान तथा सीपको अध्ययन गरी पठनपाठन गर्न प्रवन्ध मिलाइनेछ । परम्परागत सीप स्थानीय स्तरमा उत्पादन हुने कृषि स्थानीय सम्पदा पर्यटकीय महत्वका धार्मिक साँस्कृतिक र प्राकृतिक स्रोतहरुलाई समावेशगरी स्थानीय पाठ्यक्रम निर्माण गरिने ।
- विपद्ब बाट बच्नको लागि बालबालिकाहकरुलाई नमूना अभ्याश गराइने ।
- प्रत्येक विद्यालयमा सुझावपेटीका राखिने ।
- पालिका स्तरबाट करारमा नियुक्त शिक्षकहरुलाई पोशाकमा ५० प्रतिशत भत्ता दिईने ।
- शिक्षक बैकलाई खारेज गरी विद्यालय व्यवस्थापन समितिले आवश्यकता अनुसार रिक्त पदमा विज्ञापन गरी पदपुर्ति गरिने ।
- शसर्त वा अन्य स्रोतबाट आएको बजेटलाई योजनमा विनियोजन गर्दा कार्यपालिकाको निर्णय अनिवार्य गरिने ।
- पालिका स्तरमा संचालित आवशिय तथा गैरआवसिय शैक्षिक संस्थाबाट उत्कृष्ट हुने विधार्थी, विषयगत शिक्षक तथा विद्यालयलाई शिक्षा दिवसका दिन पुरस्कृत गरिने ।

३.२ स्वास्थ्य तथा पोषण नीति

- कोभिड १९ जस्ता महामारी रोगको नियन्त्रणको लागि मापदण्ड बमोजिमका आवश्यकता अनुसार व्यवस्थापन गरिने ।
- सबै वडाहरुमा रहेका स्वास्थ्यचौकीहरुको भौतिक तथा प्राविधक क्षमताको स्तरोन्नती गरिने ।
- सुरक्षित मातृशिशुलाई टेवा पुग्ने गरी शुन्य होमडेलिभरी तथा आर्थिकरुपले विपन्न गर्भवतीलाई

अस्पताल सम्म निशुल्क एम्बुलेन्स उपलब्ध गराइने ।

- प्रत्येक महिनाको १५ गते निश्चित ठाउँमा (भूगोल र जनसंख्याको) आधारभुत सेवा प्रदान गरिने ।
- व्यक्तिगत स्वास्थ्य तथा सरसफाइ सरुवा रोग नियन्त्रण तथा रोकथाम खाद्यप्रणाली व्यायाम आदिको स्वास्थ्य संस्थामार्फत विद्यालयमा प्रति महिना १ दिन प्रशिक्षण दिन लगाइने ।
- स्वास्थ्य वीमा गर्नको लागि अभिप्रेरित तथा निम्न आयस्रोत हुनेको स्वास्थ्य वीमाको लागि गाउँपालिकाले मद्दत गर्ने ।
- बच्चा सुत्केरी दीर्घरोगी तथा वृद्धवृद्धालाई मासिक रुपमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइने ।

३.३ खानेपानी तथा सरसफाइ नीति :

- गाउँपालिका भर वि.स. २०८० सम्म एक घर एक धारा कार्यक्रम सम्पन्न गरिने ।
- कालिगण्डकी गाउँपालिका भित्ररहेका सबै पानीका मूहानको संरक्षण गरि मुहानको स्वामित्व गाउँपालिकाको हुने ।
- शहर उन्मुख क्षेत्रमा ढल तथा फोहोर मैला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथमा अगाडि बढाउँदै landfill site को खोजी गरी व्यवस्थित गरिने ।
- प्लास्टिको प्रयोगलाई निरुत्साहित गर्दै खुला प्लास्टिक मुक्त कालिगण्डकी अभियान सञ्चालन गरिने ।
- समुदायमा आधारित टोल विकास संस्थाको गठन सरसफाइ समिति एवं बजार व्यवस्थापन समितिलाई क्रियशिल तुल्याइ बजार गाउँ सरसफाइ अभियानलाई तिव्रता दिइने ।
- आवश्यकता अनुसार सार्वजनिक शौचालयहरुको निर्माण गरिने ।
- घरबाट निस्कने फोहोरलाई वर्गीकरण गरी Re–use, Reduce, Re–cycle तथा कुहिने फोहोरको जैविक मल बनाउने अभियान सुरु गरिने ।
- खानेपानी सरसफाई तथा स्वच्छता (WASH) कार्यक्रमलाई निरन्तरता दिनका निमित्त ब्रिटिस वेलफेयर ट्रस्टको सहयोग लिइने ।
- (N WASH) एन वासका सम्पूर्णकार्य गर्नका लागि ब्रिटिस वेलफेयर ट्रस्टको सहयोग लिइने ।

३.४ संस्कृति प्रवर्द्धन नीति

- गाउँपालिकामा अस्तित्वमा रहेका सबै भाषा कला साहित्य सङ्गीत नृत्य ललित कला कौशल तथा मूर्त एवं अमूर्त सबै सम्पदाको संरक्षण तथा प्रवर्द्धन तथा सम्मान गर्ने नीति लिइने ।
- साँस्कृतिक विभिधताको सम्मान गर्दै सहिष्णुतामा आधारित समाजको निर्माण गरिने ।
- मौलिक संस्कृत प्रति गौरव गर्दै संरक्षण तथा नयाँ पिँढीमा हस्तान्तरण गर्नसक्नेगरी युवा पुस्तालाई जागरण गरिने ।

३.५ महिला बालबालिका ज्येष्ठ नागरिक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति :

- सबै वर्ग र क्षेत्रका महिलाहरुको सामाजिक आर्थिक तथा राजनीतिक अवस्थाहरुमा समान सहभागिता महिलाहरुको मूलभूत अधिकार सुनिश्चित गरी लैङ्गिक मूल प्रवाहीकरणर सशक्ति करण गरिने ।
- सबै प्रकारका हिंसा घरेलुहिंसा विभेद छुवाछुत वहिष्करण उत्पीडन दमनको अन्त्य गरिने ।
- मातृ स्वास्थ्य र प्रजनन स्वास्थ्य लगायतका आधारभूत स्वास्थ्य सेवाहरुको बारेमा चेतना अभिवृद्धि गरी पहुँच विस्तार गरिने ।
- समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकको भूमिका र योगदानलाई उच्च महत्व दिँदै ज्ञानसीप क्षमता कौशलको उपयोग गर्दै सम्मानित जीवनको ग्यारेण्टी गरिने ।
- उमेर नपुगी हुने विवाहको कडाइका साथ अन्त्य गरिने ।
- एकल महिलाहरुको लागि जीवन निर्वाह गर्न सक्नेगरी आर्थिक अवसरहरुमा प्राथमिकताका साथ सहभागी गराइने ।
- फरक क्षमता भएका व्यक्तिहरुको क्षमताको उपयोग गरी निजहरुको लागि आवश्यक सहयोगी सामग्री वितरण एवं क्षमता अभिवृद्धि गरि अपाङ्ग मैत्री विद्यालय घर तथा सार्वजनिक स्थल बनाउने नीति लिइने ।
- न्यायिक समितिले कालिगण्डकी गाउँपालिकाको न्यायिक समिति ऐन बमोजिम सबैलाई स्पष्टता एकरुपता एवं पारदर्शिता कायम गरी कानुनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम गरी न्यान प्रदान गरिने ।

३.६ जनसंख्या र श्रम तथा रोजगारी

- कोभिड १९ को कारण विदेशमा रोजगारी गुमाइ आउनेहरुको लागि उनीहरुमा भएको ज्ञानसीप र पुँजीलाई परिचालन गरीस्थानीय स्तरमा स्वरोजगार बनाइने ।
- ग्रामीण क्षेत्रमा विकासका पुर्वाधार विस्तारगरी आन्तरिक बँसाइसराइलाई कम गरिने ।
- श्रमको सम्मान, श्रम प्रति सम्मान गर्दै बालश्रमको अन्त्य तथा सबै प्रकारका श्रम शोषणको कडाइका साथ अन्त्य गरिने ।
- विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने राज्यको मूल नीति लाई आन्तरिकिकरण गरिने ।
- बेरोजगार तथा अर्थ बेरोजगारहरुको लागि स्थानीय स्तरमा स्वरोजगार हुनसक्ने खालका तालिम प्रदान गरी क्षमता बढाइने ।

३.७ सामाजिक सुरक्षा तथा संरक्षण नीतिः

- सामाजिक सुरक्षा भत्ताका सम्पुर्ण लाभग्राहीहरुलाई बैंकसँग समन्वयन गरी सहज तरिकाले भुक्तानी दिने व्यवस्था मिलाइने ।
- सामाजिक सुरक्षा सम्बन्धी राज्यको मापदण्डमा नपरेका अतिविपन्न तथा जोखिमयुक्त जीवनमा

परेकालाई लाभान्वित हुनेगरी कार्यक्रम अगाडि बढाइने ।

- सामाजिक सुरक्षाकोषको स्थापना गर्ने प्रक्रिया अगाडि बढाइने ।

यूवा खेलकुद तथा स्वयंसेवक सेवा

- युवालाई प्राविधिक शिक्षा तथा सीपमूलक तालिम मार्फत दक्ष उद्यमशील आत्मनिर्भर बनाउने ।
- यूवालाई विपद् वस्थापन सामाजिक विकास वातावरण संरक्षण खेलकुद लगायतका क्षेत्रमा स्वयंसेवकको भूमिकामा परिचालन गर्ने ।
- गाउँपालिका भित्र कम्तिमा १ वटा कभर्डहल निर्माणको प्रक्रिया सुरु गरिने ।
- गाउँपालिका स्तरीय खेलकुदका कार्यक्रम सञ्चालन गरिने ।
- यस क्षेत्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा सहभागी भै ख्याती प्राप्त गर्नेलाई सम्मान गरी निजहरुमा भएको सीपलाई स्थानीय स्तरमा परिचालन गरिने ।
- निर्माणाधिन खेल मैदान तथा संरचनाहरुलाई निश्चित समय र गुणस्तरमा सम्पन्न गरिने ।

४. पुर्वाधार विकास नीति

४.१ सडक तथा झोलुङ्गेपुल

- गाउँपालिका भित्रका सबै वस्तीहरुमा सडकको पहुँच सुनिश्चित गरिने ।
- कालिगण्डकी करिडोरसँग समानान्तर हुने गरी पहाडी भागको मध्य र उच्च भागमा सडक सञ्चालन विस्तार तथा करिडोर जोड्ने सडकहरुलाई बाह्रै महिना सञ्चालन हुनेगरी स्तरोन्नती गरिने ।
- सडकको क्षेत्राधिकार निर्धारण गरी मापदण्ड अनुसार नक्सा पास गरिने ।
- सडक निर्माणकार्यमा मानव जनशक्तिको प्रयोगलाई बढावा दिइने ।
- बाह्रै महिना सडक सुचारु सुनिश्चितताको लागि लेन्थवर्क र व्यवस्था गरिने ।
- सडक निर्माणसँगै भुक्षय नियन्त्रणको लागि बायोइन्जिनियरिङको लागि बाँस निगालो तथा अम्रिसो लगाउन प्रोत्साहन गरिने ।
- कृषि उत्पादन निकासी गर्ने क्षेत्रहरुमा अविलम्ब कृषि सडक तथा मुख्य फाँटहरुमा व्यवस्थित कृषि सडक निर्माण गरी कृषिमा यान्त्रिकिरणलाई सहज बनाइने ।
- झोलुङ्गेपुलको नियमित मर्मत सम्भार निगरानी तथा सुरक्षा गरिने ।

४.२ सिँचाइ नीति

"सिँचित कृषि क्षेत्रको अभि वृद्धि कालिगण्डकीको समृद्धि"

- सबै उर्वर र कृषियोग्य जमिनमा सिँचाइको व्यवस्थाको लागि पुराना कुला मर्मत नयाँ कुलो तथा नहर निर्माण र आवश्यकता अनुसार लिफ्टिङ सिँचाइ गर्ने ।

URL: https://kaligandakimungulmi.gov.np || E-mail: gulmikaligandaki@gmail.com || Contact: +977-9857061701 / 9857067925

- यस गाउँपालिका भित्र सञ्चालनमा रहेका कुलो तथा नहरहरुमा आवश्यकता अनुसार कुलो बाहेक ३ फिटदायाँ वा बाँया कुलोको क्षेत्राधिकार हुने ।
- प्रशस्त पानी नहुने स्थानमा बर्षातको पानी संकलन तथा थोपा सिँचाइ प्रविधि प्रयोग गरिने ।

४.३ भवन नीति

- अब निर्माण हुने सबै निजी तथा सरकारी भवनहरु अनिवार्यरुपमा भुकम्प प्रतिरोधि बनाइने ।
- अब निर्माण हुने सबै भवनसंरचनाहरु अनिवार्य नक्सा पास गरी बनाउने र भुकम्प प्रतिरोधि घरको मात्र नक्सापास गरिने ।
- स्थानीय सरकार संचालन ऐन २०७४ राष्ट्रिय भवन निर्माण आचारसंहिता २०६० वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड २०७२ मा नयाँ निर्माण हुने सरकारी तथा नीजि भवन र निर्माण भैसकेका सरकारी तथा नीजि भवनहरुको नक्सा पास गर्नुपर्ने प्रावधान सडक क्षेत्राधिकारको प्रावधान तथा अन्य सबै प्रावधानहरुलाई पालना गराउने र कार्यान्वय नगर्ने ।
- गाउँपालिका सवै वडा कार्यालयहरु विद्यालय स्वास्थ्य चौकी प्रहरी तथा सबै सार्वजनिक सेवा प्रदायक संस्थाहरुको भवन निर्माण गरिने ।

४.४ उर्जासाना लघु जलविद्युत नीति

- यस गाउँपालिका भित्रका सबै घरधुरीमा विद्युतीकरण गरेछ ।
- विद्युतको पुर्याउन असहज कठिन तथा ज्यादा खर्चिलो हुनेस्थानमा सौर्य उर्जा मार्फत विद्युतिकरण गरिनेछ ।
- लघु जलविद्युत उत्पादनमा नीजि लगानी आकर्षण गरिनेछ ।
- शहर उन्मुख क्षेत्र धार्मिक महत्वका क्षेत्र बसपार्क आदिमा Solar Street Light जडानलाई निरन्तरता दिइनेछ ।
- कृषि उद्योगमा प्रयोगहुने विद्युत महशुलमा पुनराबलोकन गरिनेछ ।

४.५ सञ्चार

- सबै विद्यालय तथा सार्वजनिक सेवाप्रदायक निकायहरुमा गुणस्तरीय र भरपर्दो इन्टरनेट सेवा विस्तार गरिनेछ ।

५. वातावरण तथा विपद व्यवस्थापन

५.१ वन तथा भु-संरक्षण नीति :

- भु-संरक्षणलाई टेवा पुग्ने गरी खेती प्रणालीमा सुधार भिरालो जमिनमा फलफुल तथा डाले घाँस लगाउने नीति लिइने ।
- विद्यमान वन क्षेत्रलाई कायम राखी खाली तथा नाङ्गो जग्गामा बजारमा उच्च माग हुनेकाठ प्रजातिको वृक्षारोपण गरिने ।
- वन डढेलो नियन्त्रण तथा पुर्वाधार निर्माण हुँदा वनक्षेत्रमा हुने नोक्सानीलाई परिपुर्ति गर्न थप वृक्षारोपण गरिने ।
- यहाँको वनक्षेत्रमा प्रशस्त पाइने काठको सदुपयोग हुनेगरी फर्निचर तथा प्लाइउड उद्योग स्थापनालाई प्रोत्साहन गरिने ।
- वैज्ञानिक वन व्यवस्थापन योजना बनाइ लागु गरिने ।
- कालिगण्डकी गाउँपालिका भित्र सबैलाई आफ्नो जन्म दिनमा एक विरुवा वृक्षारोपण गर्न लगाउने नीति लिइने ।
- कम्तिमा एक घर एक फल फुलको बोटलाई कडाइका साथ लागु गरिने ।
- पुराना सबै पोखरीहरु लाई पुनःसञ्चालनमा ल्याइ पर्यावरणमा टेवा पुऱ्याउने ।
- टिमुर प्रजातिको विरुवाको संख्यालाई वृद्धिगर्नको लागि आवश्यक कदम चालिने ।

५.२ विपद् व्यवस्थापन वातावरण तथा जलवायु परिवर्तन नीति :

- कालिगण्डकी गाउँपालिकाको विपद्व्यवस्थापन योजनामा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गरिने ।
- कोभिड १९ रोगको प्रकोप र भविष्यमा आउन सक्ने यस्तै खाले महामारीबाट सुरक्षित हुनको लागि विपद्प्रति कार्य योजना निर्माण गरिने ।
- यस पालिका भित्र आउन सक्ने विपद् जुध्नको लागि विपद् व्यवस्थापन कोषमा आवश्यक रकमको व्यवस्था गरिनेछ ।
- जोखिमपुर्ण वस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्थान्तरण गर्ने प्रक्रिया सुरु गरिनेछ ।
- खोला तथा नदीको कटान नियन्त्रणको लागि तटवन्ध निर्माण गरिनेछ ।

संस्थागत विकास तथा सेवा प्रवाह नीति :

- सम्पूर्ण सार्वजनिक सेवा प्रदायक निकायको कार्यालय व्यवस्थापन र संस्थागत सुदृढिकरण गरिने ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुमा सम्भव भए सम्म घुम्ती सेवा सञ्चालन गरिने ।
- गाउँपालिका मातहतका सबै सार्वजनिक निकायसँग विद्युतीय माध्यमबाट निर्देशन रिपोर्टिङ समन्वय गर्ने व्यवस्था मिलाइने ।

- राष्ट्रसेवकहरुको मनोबल उच्चराख्न कार्यसम्पादन र कार्य वोझको आधार मा आन्तरिक तथा बाह्य स्रोतबाट प्रोत्साहन उपलब्ध गराइने ।
- विपद व्यवस्थापन न्यूनिकरणका लागि ब्रिटिस वेलफेयर ट्रस्टको सहयोग लिइने ।
- सार्वजनिक सेवाप्रवाहको गुणस्तर वृद्धि गर्न सेवाग्राहीको अभिमत तथा गुनासोको सर्वेक्षण गरिने ।

६. वित्तीय व्यवस्थापन तथा सुशासन नीति :

- कानुनी साशन जनसहभागिता उत्तरदायित्व र पारदर्शी रुपमा सेवा प्रवाह गरी सुशासन कायम गरिने ।
- आवश्यकता औचित्यको आधारमा सार्वजनिक वित्तको परिचाल गरिने ।
- प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक स्रोतको दक्ष एवं सर्वोत्तम परिचालन लेखाङ्कन प्रतिवेदन तथा लेखापरिक्षण मार्फत वित्तीय व्यवस्थापन पारदर्शिता जवाफदेहिता अभिवृद्धि गरी भ्रष्टाचारमा शून्य सहनशीलता र सदाचार प्रवर्द्धन गरिने ।
- वित्तीय व्यवस्थानको लागि आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण लाई प्रभावकारी बनाइने ।
- सबै विकासका योजनाहरुमा प्रभावकारी अनुगमन प्रणालि अवलम्बन गर्दै रु ५ लाख सम्मको योजना वडास्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन पश्चात र सो भन्दामाथिको लागतका योजनाहरुमा गाउँपालिकाको अनुगमन समितिको अनुगमन प्रतिवेदन पश्चात भुक्तानी हुने विधिलाई निरन्तरता दिइने ।
- सार्वजनिक आव व्यय तथा खरिद प्रक्रियालाई पारदर्शी तथा प्रतिसप्रधी बनाइ खरिदमा हुने लागत कम गरिने ।

७. विविध नीति :

- यस गाउँपालिका भित्र निर्माणका लागि प्रयोग गरिने हेभि इक्विपमेण्ट मेसिनहरु जेसिवी लोडर डोजर एक्साभेटर दर्तागराइ मात्र प्रयोगमा ल्याइने ।
- संघीय तथा प्रदेश सरकारसँगको सहलगानी सहकार्य र समन्वयमा सञ्चालन हुने योजना तथा कार्यक्रम मागगर्न प्रोजेक्टबैंक र विस्तृत प्रस्ताव तयार गरी समपुरक अनुदान र विशेष अनुदान माग गरी कार्यान्वयनमा ल्याउनको लागि आवश्यक मात्रामा समपुरक कोषको प्रवन्ध मिलाइनेछ ।
- यस पालिका भित्रका उत्कृष्ट उपभोक्ता समिति कृषक युवा तथा महिला शिक्षक तथा कर्मचारीलाई सम्मना तथा पुरस्कृत गरिने ।
- गाउँपालिकाको आवश्यकता र क्षमताको आधारमा दिर्घकालीन योजना तर्जुमा गरिने ।

- NGO, INGO मार्फत सञ्चालन हुने कार्यक्रमको प्रभावकारीता मापन तथा पारदर्शिता बढाइने ।
- घरेलु मदिराको उत्पादन विक्री गरी जिविको पार्जन गरिरहेका व्यक्तिहरुलाई वैकल्पिक आयआर्जनको व्यवस्था गरी खुला विक्री र उपभोगमा कडाइका साथ निषेध गरिने ।
- माथि उल्लिखित नीति तथा कार्यक्रममा समावेश हुन छुटेका विषयहरुको हकमा प्रचलित कानून मन्त्रालय तथा निकायबाट प्राप्त भएका निर्देशनको आधारमा कार्यक्रमअगाडी बढाइने ।
- पुँजीगत खर्च विनियोजन गर्दा विकेन्द्री करण सिद्बान्त अनुसार भुगोल र जनशंख्याका आधारमा विनियोजित गरिने ।
- कुनै पनि योजनाहरु रकमान्तर वा शिषकान्तर कार्यपालिकाको निर्णय बमोजिम गरिने ।
- जिल्ला प्रशासन कार्यालय र जिल्ला यातायात व्यवसायी संघ विच भएको सार्वजनिक यातायात भाडा यस कालिगण्डकी गाउँपालिकामा अनिवार्य लागु गरिने ।
- कुनै पनि सवारी साधनको विल बुक वा सम्बन्धित कार्यालयमा दर्ता नभएको सवारी साधन प्रयोग गर्न निषेध गरिने ।
- पालिका भित्र संचालनाम रहेका सम्पुर्ण खाद्य लगायत अन्य पसलहरुको मासिक अनुगमन गरी महङ्गी नियन्त्रण गरिने ।

URL: https://kaligandakimungulmi.gov.np || E-mail: gulmikaligandaki@gmail.com || Contact: +977-9857061701 / 9857067925

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
कार्यालयको कोड : ८०५५२५०२३००

कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०७९/८० रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
							पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
८०५५२५०२१०१ कालीगण्डकी गाउँपालिका											
१	पारिश्रमिक कर्मचारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१११११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१,८४,००	०	०	०	१,८४,००
२	पदाधिकारी सेवा सुविधा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१११२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	९०,००	०	०	०	९०,००
३	अन्य भत्ता कार्यालय तथा वडा कार्यालय	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१८,२३	०	०	०	१८,२३
४	कर्मचारी प्रोत्साहन सम्मान	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	५,००	०	०	०	५,००
५	कर्मचारी कल्याण कोष	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१०,००	०	०	०	१०,००
६	पानी तथा बिजुली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२१११	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	पटक	०	०	०	१	१
७	पानी तथा बिजुली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२१११	नेपाल सरकार - नगद अनुदान	१	पटक	०	०	०	१६	१६
८	पानी तथा बिजुली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२१११	आन्तरिक श्रोत - नगद	१	पटक	७३	०	०	०	७३
९	पानी तथा बिजुली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२१११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	०	०	०	१२	१२
१०	पानी तथा बिजुली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२१११	लुम्बिनी प्रदेश - नगद अनुदान	१	पटक	०	०	०	९८	९८
११	इन्टरनेट सेवा मर्मत	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२११२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	०	०	०	१,००	१,००
१२	इन्टरनेट सेवा मर्मत	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२११२	आन्तरिक श्रोत - नगद	१	पटक	३,००	०	०	०	३,००

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
कार्यालयको कोड : ८०५५२५०२३००

कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०७९/८० रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
							पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
१३	इन्टरनेट सेवा तथा संचार महसुल गाउँपालिका तथा वडा कार्यालय सबै	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२११२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१०,९०	०	०	०	१०,९०
१४	इलाका प्रहरी कार्यालय रिडीका लागि सवारीसाधन मर्मत	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	३०	०	०	०	३०
१५	सवारी इन्धन (गाउँपालिका र वडा कार्यालय सबै)	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	आन्तरिक श्रोत - नगद	१	पटक	२५,००	०	०	०	२५,००
१६	सवारी साधन मर्मत खर्च गाउँपालिका तथा वडा कार्यालय सबै	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१३	आन्तरिक श्रोत - नगद	१	पटक	२०,००	०	०	०	२०,००
१७	बिमा तथा नवीकरण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	३,५०	०	०	०	३,५०
१८	मसलन्द तथा कार्यालय संचालन गाउँपालिका र वडा कार्यालय सबै	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३११	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	पटक	३६,५०	०	०	०	३६,५०
१९	सामुदायिक स्वास्थ्य इकाईका लागि कार्यालय सामग्री खरिद	स्वास्थ्य	२२३११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	५,००	०	०	०	५,००
२०	इलाका प्रहरी कार्यालय रिडी गुल्मीको लागि सवारी इन्धन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	३०	०	०	०	३०
२१	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	५,००	०	०	०	५,००
२२	सेवा र परामर्श खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	पटक	७,००	०	०	०	७,००
२३	अन्य सबै करार कर्मचारी पारिश्रमिक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१,८०,००	०	०	०	१,८०,००
२४	अन्य सेवा शुल्क स्वास्थ्य चौकी ,बर्थीङ्ग सेन्टर ,स्वास्थ्य ल्याब संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	२८,५०	०	०	०	२८,५०

URL: https://kaligandakimungulmi.gov.np || E-mail: gulmikaligandaki@gmail.com || Contact: +977-9857061701 / 9857067925

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
कार्यालयको कोड : ८०५५२५०२३००

कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०७९/८० रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
							पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
२५	आवासीय विद्यालय कार्यक्रम जिवानोउद्वार .मा.वि.	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	२०,००	०	०	०	२०,००
२६	पुल हेरालु सहयोग कार्यक्रम	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१९	आन्तरिक श्रोत - नगद	१	पटक	९७	०	०	०	९७
२७	पारिश्रमिक बालविकास स.क.तथा विद्यालय कर्मचारी तथा शिक्षा गुणस्तर सुधार कार्यक्रम	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१,०४,०६	०	०	०	१,०४,०६
२८	पारिश्रमिक शिक्षक गाउँपालिका अनुदान	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१,४८,५४	०	०	०	१,४८,५४
२९	सामुदायिक स्वास्थ्य इकाई का.स.पारिश्रमिक	स्वास्थ्य	२२४१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१५,००	०	०	०	१५,००
३०	कर्मचारी तालिम	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५११	आन्तरिक श्रोत - नगद	१	पटक	३,००	०	०	०	३,००
३१	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५१२	आन्तरिक श्रोत - नगद	१	पटक	३,००	०	०	०	३,००
३२	खेलकुद विकास कार्यक्रम	युवा तथा खेलकुद	२२५२९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	५,००	०	०	०	५,००
३३	बजेट तथा नीति कार्यक्रम प्रकाशन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	२,००	०	०	०	२,००
३४	सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यक्रम	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१,५०	०	०	०	१,५०
३५	योजना अनुगमन, मूल्यांकन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६११	आन्तरिक श्रोत - नगद	१	पटक	८,००	०	०	०	८,००
३६	भ्रमण खर्च गाउँपालिका तथा वडा कार्यालय सबै	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६१२	आन्तरिक श्रोत - नगद	१	पटक	४०,००	०	०	०	४०,००
३७	सरुवा भ्रमण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६१२	राजस्व बाँडफाँड -	१	पटक	२,००	०	०	०	२,००

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
कार्यालयको कोड : ८०५५२५०२३००

कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०७९/८० रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
							पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
				प्रदेश सरकार - नगद							
३८	अतिथि सत्कार	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१०,००	०	०	०	१०,००
३९	पर्यटन काज	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	८,००	०	०	०	८,००
४०	आवधिक योजना निर्माण	प्रशासकीय सुशासन	२२७११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	५,००	०	०	०	५,००
४१	विविध खर्च गाउँपालिका तथा वडा कार्यालय सबै	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२७११	आन्तरिक श्रोत - नगद	१	पटक	२५,६०	०	०	०	२५,६०
४२	घरभाडा गाउँपालिका तथा वडा कार्यालय सबै	कार्यालय सञ्चालन तथा प्रशासनिक	२८१४२	आन्तरिक श्रोत - नगद	१	पटक	२७,००	०	०	०	२७,००
४३	घरभाडा गाउँपालिका तथा वडा कार्यालय सबै	कार्यालय सञ्चालन तथा प्रशासनिक	२८१४२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	०	०	०	८,००	८,००
४४	अन्य गाडी भाडा गाउँपालिका र वडा कार्यालय सबै	कार्यालय सञ्चालन तथा प्रशासनिक	२८१४९	आन्तरिक श्रोत - नगद	१	पटक	१७,००	०	०	०	१७,००
४५	कम्प्युटर ल्यापटप तथा अन्य मेशिनरी उपकरण खरिद	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११२२	आन्तरिक श्रोत - नगद	१	पटक	१०,००	०	०	०	१०,००
४६	मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	७,००	०	०	०	७,००
४७	विद्युतीय उपकरण खरिद (जेनेरेटर साउण्ड सिस्टम ,इन्टरनेट र सिसि क्यामरा)	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	७,००	०	०	०	७,००
४८	फर्निचर तथा कार्यालय संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११२३	आन्तरिक श्रोत - नगद	१	पटक	७,००	०	०	०	७,००
४९	सफ्टवेयर निर्माण	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११३४	आन्तरिक श्रोत - नगद	१	पटक	१०,००	०	०	०	१०,००
८०५५२५०२१०२ कालीगण्डकी गाउँपालिका स्तरीय योजना											

URL: https://kaligandakimungulmi.gov.np || E-mail: gulmikaligandaki@gmail.com || Contact: +977-9857061701 / 9857067925

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
कार्यालयको कोड : ८०५५२५०२३००

कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०७९/८० रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
							पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
५०	विपद जन्य भौतिक पुर्वाधार एवं अन्य विविध खर्च	पुननिर्माण	२२११३	आन्तरिक श्रोत - नगद	१	गोटा	३६,०५	०	०	०	३६,०५
५१	स्वास्थ्य बिमा कार्यक्रम	स्वास्थ्य	२२२१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	३०,००	०	०	०	३०,००
५२	कालिगण्डकी नदी तटबन्धन सम्भाव्यता अध्ययन	वातावरण तथा जलवायु	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	५,००	०	०	०	५,००
५३	गाउँपालिका यातायात गुरुयोजना (MTMP) तयार	यातयात पूर्वाधार	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	१५,००	०	०	०	१५,००
५४	विभिन्न योजनाको सम्भाव्यता अध्यन	यातयात पूर्वाधार	२२४११	नेपाल सरकार - नगद अनुदान	१	पटक	१५,००	०	०	०	१५,००
५५	महिला स्वास्थ्य स्वयंसेबिका सहायोग कार्यक्रम	स्वास्थ्य	२२४१९	नेपाल सरकार - नगद अनुदान	१	पटक	२८,८०	०	०	०	२८,८०
५६	अध्यक्ष कप खेलकुद कार्यक्रम	युवा तथा खेलकुद	२२५२२	नेपाल सरकार - नगद अनुदान	१	पटक	१०,००	०	०	०	१०,००
५७	एक वडा एक नमुना उन्मुख विद्यालय कार्यक्रम	शिक्षा	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	०	०	०	०	०
५८	नेपाल स्काउट सहयोग	युवा तथा खेलकुद	२२५२२	नेपाल सरकार - नगद अनुदान	१	पटक	३,००	०	०	०	३,००
५९	पोषण अभिवृद्धि कार्यक्रम	स्वास्थ्य	२२५२२	नेपाल सरकार - नगद अनुदान	१	पटक	७,००	०	०	०	७,००
६०	महिला विकास कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	नेपाल सरकार - नगद अनुदान	१	पटक	१५,००	०	०	०	१५,००
६१	५ वटा स्वास्थ्य इकाई सहयोग कार्यक्रम	स्वास्थ्य	२२५२९	नेपाल सरकार - नगद अनुदान	१	पटक	०	०	०	०	०
६२	आदिवासी जनजाती विकास कार्यक्रम	भाषा तथा संस्कृति	२२५२९	नेपाल सरकार - नगद अनुदान	१	पटक	१०,००	०	०	०	१०,००
६३	जनस्वास्थ्य सम्बन्धी जनचेतना तालिम	स्वास्थ्य	२२५२९	राजस्व बाँडफाँड -	१	पटक	२,००	०	०	०	२,००

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
कार्यालयको कोड : ८०५५२५०२३००

कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०७९/८० रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
							पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
				संघीय सरकार - नगद							
६४	जेष्ठ नागरिक ,बालबालिका ,एकल महिला विकास कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२९	नेपाल सरकार - नगद अनुदान	१	पटक	१०,००	०	०	०	१०,००
६५	दलित विकास कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२९	नेपाल सरकार - नगद अनुदान	१	पटक	१५,००	०	०	०	१५,००
६६	राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता	शिक्षा	२२५२९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	०	०	०	८,००	८,००
६७	राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा भाग लिने कार्यक्रम तम्घास	शिक्षा	२२५२९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	पटक	०	०	०	५,४०	५,४०
६८	आन्तरिक नियन्त्रण प्रणाली	प्रशासकीय सुशासन	२२७११	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	पटक	०	०	०	४,००	४,००
६९	कुँदापानी गुम्दिखोला ग्रावेल तथा सफाई	यातयात पूर्वाधार	२२७११	आन्तरिक श्रोत - नगद	१	पटक	३,००	०	०	०	३,००
